स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक सौरभ चौधरीले नयाँ चलचित्र "द राइज अफ साम्राज्य"मा अभिनेता दयाहाङ राईलाई मुख्य भूमिकामा अनुबन्ध गर्नुभएको छ। यसअघि चलचित्रमा अभिनेता सौगात मल्ल अनुबन्ध भइसक्नु भएको छ। दयाहाङ र सौगातको जोडीले "लुट"बाट चर्चा पाएपछि यी दुईलाई एउटै चलचित्रमा देख्न दर्शक उत्साहित हुने अपेक्षा निर्माण पक्षको छ। निर्देशक चौधरीले चलचित्रमा दयाहाङलाई फरक चरित्रमा प्रस्तुत गारिने बताएका छन्।

**आजको विचार...**



ढाकाको...
(दुई पेजमा)

विष्णु घर्ती 'भनभनेली'

प्रियंका कार्की अभिनीत चलचित्र "मास्टर्नी"मा समावेश "गुराँस फुल्दा" बोलको गीत सार्वजनिक भएको छ। "सुपरस्टार"मा समावेश पुरानो गीतको रि-भर्सनका रुपमा तयार पारिएको गीतमा मेलिना राईको स्वर छ। सचिन सिंहको मौलिक संगीत र दयाराम दाहालको शब्द रहेको गीतलाई वसन्त सापकोटाले रि-एरेन्ज गर्नुभएको हो। गीतको भिडियोमा प्रियंका कार्की र वर्षा राउत फिचर्ड हुनुहुन्छ। गम्भीर विष्टको कोरियोग्राफी रहेको भिडियोमा पवन सुस्लिङको छायांकन, सम्पादन तथा कलरिङ छ।



❐ वर्ष ३२ ❐ अंक २८ ❐ २०८३ साउन २८ गते बिहीबार 13 August 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### अवैध लागूऔषध सहित पाँच जना पक्राउ

**पाल्पा,** साउन २७/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित पाँच जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कास्की, चितवन, सुनसरीका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित पाँच जना पक्राउ परेका हुन् ।

चितवनको माडी नगर पालिका-३ स्थित वर्कसपबाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम ६५ ट्याब्लेट र स्पास्मो ३३ ट्याब्लेट सहित पर्सा ठोरी गाउँपालिका-१ बस्ने २३ वर्षीय करण कुँवर समेत २ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय माडीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै सुनसरीको इनरूवा नगरपालिका-३ देवकोटा स्कुल छेउबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम ४० मिलिग्राम सहित इटहरी उपमहानगरपालिका-२० बस्ने ३१ वर्षीय दिपेन्द्र राईलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उता कास्कीको पोखरा महानगर पालिका-१० सृष्टी मार्गबाट अवैध लागूऔषध ब्राउनसुगर करिब २२ ग्राम ४ सय मिलिग्राम सहित गोरखा गण्डकी गाउँपालिका-७ घर भएका ३३ वर्षीय नरेश गुरूङलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

# लुम्बिनी प्रदेश सरकार गठनमा तीन कम्युनिस्ट पार्टीबिच सहमति

**हाम्रा संवाददाता**

**पाल्पा,साउन २७/** नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टी (मसाल) बिच लुम्बिनी प्रदेश सरकार गठन र समसामयिक राजनीतिक विषयमा सहकार्य गर्ने दुई बुँदे सहमति भएको छ । बुधबार तीन दलका शीर्ष नेताबिच भएको छलफलपछि उक्त सहमतिपत्रमा हस्ताक्षर भएको हो । सहमतिपत्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल कम्युनिस्ट पार्टी (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले हस्ताक्षर गरेका छन् ।

बुधबार भएको छलफलपछि प्रदेश सरकार गठनदेखि संविधान र गणतन्त्रको रक्षासम्मका विषयमा सहकार्य गर्ने सहमति भएको हो । सहमति पत्रमा लुम्बिनी प्रदेश सरकार



गठन र सो प्रदेशको विकास निर्माणका काममा सहकार्य गर्ने उल्लेख गरिएको छ । प्रदेशको स्थायित्व, विकास र जनताको हितलाई केन्द्रमा राख्दै सरकार गठन तथा प्रदेशको समग्र विकासका सवालमा आपसी समन्वय र सहकार्यलाई अघि बढाउने सहमति भएको हो । त्यसैगरी, तीन दलले राष्ट्रिय स्वाधीनता, संविधान र गणतन्त्रका पक्षमा तथा प्रतिगमनका विरुद्ध हुने आन्दोलनमा समेत सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन् । यसले प्रदेश सरकार गठनको विषयसँगै राष्ट्रिय राजनीतिक तथा संवैधानिक मुद्दामा समेत तीन दलबीच सहकार्यको आधार तयार भएको संकेत गरेको छ ।

कांग्रेसले साउन १२ गते प्रदेश कारलाई दिएको समर्थन फिर्ता लिएपछि एमाले दुई कम्युनिष्टसँग सहकार्य गरेको हो । यहाँ यसअघि एमाले-माओवादी गठबन्धन टुटेपछि कांग्रेसको समर्थनमा २०८१ साउन ७ मा एमाले नेता चेतनारायण आचार्य मुख्यमन्त्री बनेका थिए । कांग्रेसको समर्थन फिर्तासँगै मुख्यमन्त्री आचार्य अल्पमतमा परेका छन् । ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा हाल ८३ सांसद छन् । तीमध्ये एमालेका २९, कांग्रेसका २७, नेकपाका १३ (सभामुखसहित), जसपा नेपालका २, राप्रपाका ४, जनमत पार्टीका ३, लोसपाका दुई तथा जसपा, राष्ट्रिय जनमोर्चा र स्वतन्त्रका एक-एक सांसद छन् । एमाले र नेकपाबिच भएको सहमतिअनुसार लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने र चेतनारायण आचार्यलाई नै मुख्यमन्त्रीमा निरन्तरता दिने निर्णय भइसकेको छ ।

## मुख्यमन्त्री आचार्यले भदौ १ मा विश्वासको मत लिने




**बुटवल,** साउन २७/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भदौ १ गते विश्वासको मत लिने भएका छन् । नेपाली कांग्रेसले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उनले प्रदेश सभाबाट विश्वासको मत लिन लागेका हुन् ।

संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री आचार्यले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ । एमाले र नेकपाबिच भएको सहमतिअनुसार लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने र आचार्यलाई नै मुख्यमन्त्रीमा निरन्तरता दिने निर्णय भइसकेको छ । नयाँ सत्ता समीकरणअनुसार नेकपालाई सरकारमा सहभागी गराउने विषयमा भने अन्तिम सहमति जुट्न बाँकी छ । नेकपाका प्रदेश संसदीय दलका नेता इन्द्रजित थारुले मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै आफ्नो दलबाट मन्त्री पठाउने तयारी रहेको जानकारी दिए । लुम्बिनी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ९ मन्त्रालय छन् । हाल मुख्यमन्त्रीसहित एमालेका पाँच र जनता समाजवादी पार्टी नेपालका दुई मन्त्री सरकारमा छन् । ८३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४२ सांसदको समर्थन आवश्यक पर्छ । एमालेका २९ र नेकपाका सभामुखसहित १३ सांसद छन् ।

## नेवार समुदायको गुँला पर्व आजदेखि सुरु

**पाल्पा,** साउन २७/बौद्ध धर्मावलम्बी नेवार समुदायको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व गुँला पर्व आजदेखि आरम्भ भएको छ । श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिनासम्म मनाइने यस पर्वका अवसरमा विभिन्न बौद्ध विहार, चैत्य तथा स्तूपमा धार्मिक गतिविधि सुरु भएका छन् ।




गुँला पर्वलाई बौद्ध धर्मावलम्बीले धर्म, साधना र पुण्य सञ्चय गर्ने विशेष अवसरका रूपमा लिने गर्छन् । पर्व अवधिभर श्रद्धालुहरू बिहानै उठेर विभिन्न बौद्ध तीर्थस्थल तथा चैत्यको दर्शन र परिक्रमा गर्ने, बुद्धको उपदेश तथा धार्मिक ग्रन्थको पाठ गर्ने र ध्यान तथा पूजाआजामा सहभागी हुने परम्परा छ । नेपाल संवतको गुँला महिनासँग सम्बन्धित भएकाले यस पर्वलाई 'गुँला पर्व' भनिएको हो । नेपाल संवतको पात्रोमा गुँला वर्षको एक महत्वपूर्ण महिना मानिन्छ र यो करिब साउन-भदौको अवधिसँग मेल खान्छ । गुँला पर्वको अर्को विशेष आकर्षण गुँला बाजा हो । पर्वका अवसरमा बौद्ध समुदायका बाजा खलः तथा धार्मिक समूहले परम्परागत बाजा बजाउँदै चैत्य तथा विहारको परिक्रमा गर्ने चलन छ । विशेषगरी काठमाडौं उपत्यकामा गुँला बाजाको धार्मिक तथा सांस्कृतिक प्रस्तुति पर्वको महत्वपूर्ण पक्षका रूपमा रहँदै आएको छ । पर्वमा सांस्कृतिक बाजा गाजाका साथमा बुद्ध भगवानको भजनकीर्तन गाएर मठमन्दिर, बौद्ध चैत्य परिक्रममा गरिन्छ । नेपाल संवत अनुसार दशौँ महिनालाई गुँला भनिन्छ । गुँको अर्थ गुण गर्ने, राम्रो एवं गुनिलो काम, अरुको उपकार गर्ने कामलाई जनाउने गर्दछ । तानसेनमा पनि नेवार समुदायले यो पर्व मनाउने गर्दछन् । गुँला पर्वको अवसरमा विशेषगरी नौँ बाजा बजाउने प्रचलन छ । गुँला पर्व विशेषगरी बौद्धमार्गीको पर्व भएपनि गुँला पर्वमा अन्य धर्मावलम्बीसमेत सहभागी हुने गर्दछन् । गुँला पर्वको प्रमुख विशेषता न्याकुँ बाजा हो ।

यो बाजा राँगाको सिङबाट निर्माण गरिएको हुन्छ । खेतीपाती सकेर मानिसहरु फुर्सद हुने र अन्य चाडबाडलाई पनि मध्यनजर गरी खुशीयाली साट्ने पर्व हो । पछिल्लो समय विभिन्न मौलिक बाजागाजासहित गुँला पर्व मनाउने प्रचलनमा वृद्धि भएको छ । जसअनुसार धा: बाजा, बाँसुरी बाजा, धिमे बाजा, भुस्या बाजा बजाएर पनि चैत्यका साथै स्थानीय इष्टदेवता, गणेश, भीमसेन भैरवलगायतका देवी देवताकोसमेत परिक्रमा गर्ने प्रचलन छ । साथै बौद्ध धर्मावलम्बी बाहेकका समुदायसमेत गुँला पर्वको अवसरमा चैत्यहरूको परिक्रमा गर्न जाने गर्दछन् । गुँलामा श्रभेरी अर्थात् सिङ बाजा फुकाउने चलन राजा सिद्धिनरसिंह मल्लले सुरुवात गरेको परम्परा मानिन्छ । श्रभेरी कथाअनुसार मृतकको नाममा स्वयम्भू महाचैत्यमा श्रबाजा बजाई परिक्रमा गर्ने र पूजा गर्ने चलन छ । आधुनिक जीवनशैली र प्रविधिको बढ्दो प्रभावका बीच पनि पुस्तौँदेखि चलिआएको गुँला पर्वलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने प्रयास भइरहेको छ । धार्मिक अनुष्ठान, परम्परागत बाजा र सामूहिक सहभागितामार्फत गुँला पर्वले नेपालका मौलिक सांस्कृतिक परम्पराको संरक्षणमा योगदान पुऱ्याउँदै आएको छ । एक महिनासम्म चल्ने यस पर्वले धार्मिक आस्था मात्र नभई नेपालको बहुसांस्कृतिक पहिचान र नेवार समुदायको समृद्ध सांस्कृतिक सम्पदालाई समेत उजागर गर्ने गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सुलेखन संरक्षणको आवश्यक

आज नेपालसहित विश्वभर 'विश्व सुलेखन दिवस' मनाइँदै छ । युवा, अक्षर लेखनसँग सम्बन्धित विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । हरेक वर्ष विश्व क्यालिग्राफी दिवस मनाइन्छ र दिवस मार्फत अक्षर लेखनको सुनौलो प्रभावको विश्वव्यापी चर्चा गरिन्छ । सन् २०१७ बाट यस दिवस मनाउन सुरु गरिएको हो । नेपालमा धेरै क्यालीग्राफरहरु छन्, जस्तै रञ्जना या देवनागिरि लिपि या अन्य कला लिपीको किन नहोस् । ब्रस या पेनले राम्रा अक्षरहरू लेख्ने कलालाई नै क्यालीग्राफी भनिन्छ र यस्ता क्यालीग्राफीहरुको डिजिटल फन्टहरूको सिर्जनामा ठूलो योगदान रहन्छ ।

यो दिवस केवल सुन्दर अक्षर लेख्ने कलाको उत्सव मात्र होइन, अक्षर र लेखनसँग जोडिएको हाम्रो संस्कृति, सिर्जनशीलता र मौलिकताको संरक्षण गर्ने अवसर पनि हो । प्रविधिको तीव्र विकाससँगै हातले लेख्ने अभ्यास क्रमशः कमजोर हुँदै गएको वर्तमान समयमा सुलेखनको महत्व झनै बढेको छ । सुलेखन अर्थात् सुन्दर, व्यवस्थित र कलात्मक ढङ्गले अक्षर लेख्ने कला मानव सभ्यताको पुरानो सिर्जनात्मक अभ्यास हो । नेपाली समाजमा पनि हस्तलिखित अक्षर, ताडपत्र तथा भोजपत्रका ग्रन्थ, धार्मिक तथा सांस्कृतिक दस्तावेज र कलात्मक अक्षर लेखनको लामो परम्परा छ । देवनागरी लिपिका अक्षरहरू आफैंमा कलात्मक सम्भावना बोकेका छन् । त्यसैले सुलेखन हाम्रो सौन्दर्यबोधसँगै भाषा र संस्कृतिको पहिचानसँग पनि जोडिएको विषय हो । आज मोबाइल, कम्प्युटर र डिजिटल उपकरणले लेखनलाई सहज बनाएका छन् । केही सेकेन्डमै सुन्दर फन्टमा अक्षर तयार गर्न सकिने भएपछि हस्तलेखनलाई समयखर्चिलो अभ्यासका रूपमा हेर्ने प्रवृत्ति बढेको छ । तर डिजिटल अक्षरले व्यक्तिको हस्ताक्षर, लेखनशैली र सिर्जनात्मक अभिव्यक्तिको व्यक्तिगत स्पर्शलाई पूर्ण रूपमा प्रतिस्थापन गर्न सक्दैन । हातले लेख्दा एकाग्रता, धैर्य र सिर्जनशीलता विकास हुने भएकाले यसको शैक्षिक र मनोवैज्ञानिक महत्त्व पनि उत्तिकै छ । विद्यालय तहदेखि नै विद्यार्थीलाई सुन्दर हस्तलेखन र सुलेखनप्रति आकर्षित गराउनु आवश्यक छ । सुलेखन प्रतियोगिता, कार्यशाला, प्रदर्शनी तथा स्थानीय लिपि र हस्तलिखित दस्तावेजको संरक्षणजस्ता कार्यक्रमलाई प्रोत्साहन गर्नुपर्छ । साथै, नेपाली देवनागरी सुलेखनलाई आधुनिक डिजाइन, प्रकाशन, विज्ञापन र डिजिटल माध्यमसँग जोडेर नयाँ पुस्ताका लागि रोजगारी र सिर्जनाको क्षेत्रसमेत विस्तार गर्न सकिन्छ । विश्व सुलेखन दिवसले हामीलाई एउटा महत्वपूर्ण सन्देश दिन्छ–अक्षर केवल सूचना दिने माध्यम होइन, त्यो हाम्रो कला, संस्कृति र पहिचानको वाहक पनि हो । तसर्थ प्रविधिलाई स्वीकार गर्दै परम्परागत हस्तलेखन र सुलेखनको मौलिकतालाई जोगाउनु आजको आवश्यकता हो । यसतर्फ सबैको ध्यान जान जरुरी छ ।

### Opinion @ Social Network

आफु खुशी हुनु ठुलो कुरा रहेछ
अरुलाई त जे गरेपनि चित्त बुझाउन सकिदैंन ।
*(अनुज कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Anuj.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।


**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ढाकाको राजधानी पाल्पासँगका मेरा आत्मीय पलहरू



विष्णु घर्ती 'भनभनेली'

कुनै पनि ठाउँसँगको सम्बन्ध केवल स्थानीय भूगोलले मात्र जोडिँदैन, समय, सन्दर्भ, अनुभव र सम्झनाले पनि जोड्दछ । मेरो लागि पाल्पा त्यस्तो एउटा जिल्ला हो, जहाँ मैले विद्यार्थी जीवनदेखि सरकारी सेवासम्मका महत्वपूर्ण चरणहरू पार गर्दै आएँ । वि.सं. २०५५ सालमा स्नातक तहको अध्ययनका लागि पहिलो पटक पाल्पा, तानसेन पुगेको म, त्यसपछि सरकारी जीवनका विभिन्न मोडमा घुमीफिरि सार्वजनिक सेवा प्रवाह गर्नका लागि पटक पटक त्यहीं फर्किने अवसर पाएँ । वि.सं. २०७१ सालमा जिल्ला प्रशासन कार्यालय पाल्पामा सहायक प्रमुख जिल्ला अधिकारीका रूपमा र वि.सं. २०७८ सालमा बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा काम गर्दा पाल्पा र पाल्पाली पदचिन्हहरूलाई अझ नजिकबाट चियाउँदै बुझ्ने अवसर मिल्यो । कार्यालयको जिम्मेवारीसँगै जिल्लाका गाउँबस्ती, ऐतिहासिक सम्पदा, सांस्कृतिक धरोहर र त्यहाँका मेहनती मानिसहरूसँग साक्षात्कार गर्ने अवसरले पाल्पाप्रतिको मेरो आत्मीयता अझ गहिरो बन्दै गयो । पाल्पा भन्नासाथ धेरैको मनमा श्रीनगर डाँडा, पाल्पा दरबार, भगवती मन्दिर, रानीमहल, तानसेन बजार, फणीकेश, भैरवनाथलगायतका धार्मिक तथा ऐतिहासिक सम्पदाहरू आउँछन्। तर मेरो मनमा भने एउट 'पाल्पाली ढाका' । हुन त गुल्मीमा छँदा पनि पाल्पाली ढाकाको प्रयोग निकै गरिन्थ्यो। यो केवल एउटा कपडा मात्र होइनह यो पाल्पाको पहिचान, मेहनत, सिर्जना, सीप र संस्कृतिको जीवन्त प्रतीक पनि हो ।



समयसँगै मैले पाल्पाली ढाकालाई केवल हेर्ने वा किन्ने वस्तुका रूपमा मात्र लिइनँ, यसलाई आफ्नो दैनिक जीवनको एउटा अभिन्न अङ्ग बनाएँ र कार्यालयमा उपयुक्त हुने स्थान र अवसरमा पाल्पाली ढाकाको प्रयोगलाई उच्च प्राथमिकता दिँदै पनि आएँ । आज पनि सम्भव भएसम्म म ढाकाको टोपी, आसकोट, पर्स, टाई, रुमाल वा अन्य पोशाक प्रयोग गर्छु । उपयुक्त अवस्था र अवसरहरूमा विभिन्न महानुभावहरूले जिज्ञाशा पनि राख्नुहुन्छ, "कस्तो सुहाएको ?, कहाँको हो ?, किन यति धेरै ढाका मन पर्छ तपाइँलाई ?" "यसमा मेरो उत्तर सधैं एउटै हुने गर्दछ –यसमा नेपालीपन छ, श्रमिकको पसिना छ, पाल्पाको आत्मा छ ।" यही कारण म अन्य जिल्लामा जाँदा पनि साथीभाइ, सहकर्मी र चिनेजानेकाहरूलाई पाल्पाली ढाका प्रयोग गर्न सिफारिस, सहयोग, समन्वय र प्रेरित गरिरहन्छु । आफ्नै देशको उत्पादनलाई माया गर्नु र त्यसको प्रवर्द्धन गर्नु पनि राष्ट्रिय दायित्वको एउटा सानो रूप हो भन्ने विश्वास मेरो रहेको छ । वि.सं. २०७८ सालको चैत महिनामा पाल्पालाई औपचारिक रूपमा "ढाकाको राजधानी" घोषणा गरियो । यो घोषणा केवल एउटा उपाधि मात्र होइन, दशकौंदेखि ढाका उद्योगको तानमा समर्पित हजारौं बुनकर, उद्यमी र श्रमिकको सम्मान थियो । पाल्पामा उत्पादन हुने ढाकाले आज विविध रूप लिएको छ । पहिले टोपी वा पछ्यौरामा सीमित रहेको ढाका अहिले साडी, चोलो, दौरा, सुरुवाल, कुर्ता, आसकोट, टाई, पर्स, ब्याग, सजावटका सामग्री, उपहारका सामग्रीलगायत करिब ९० प्रकारका उत्पादनमा विस्तार भएको छ । पाल्पा पुग्ने अधिकांश आन्तरिक तथा बाह्य पर्यटकले ढाकाका सामानलाई कोसेलीका रूपमा लैजाने गरेको दृश्य आज पनि उत्तिकै आकर्षक लाग्दछ । पाल्पाली ढाकाको यो यात्राको इतिहास पनि प्रेरणादायी रहेको पाइन्छ। स्वर्गीय गणेशमान महर्जनले भारतबाट ढाका बुन्ने सीप सिकेर फर्किएपछि वि.सं. २०१५ सालदेखि पाल्पामा यस व्यवसायको थालनी गरेका थिए । एउटा सानो र व्यक्तिगत प्रयासले समयसँगै अन्तर्राष्ट्रिय पहिचान बनायो । अहिले तानसेन मात्र होइन, कसेनी, मदनपोखरा, कुसुमखोला, चिर्तुङधारा, बन्दीपोखरा, अर्गलीलगायतका क्षेत्रमा पनि ढाका बुनाई निरन्तर भइरहेको छ भने बुटवल, काठमडौंलगायत देशका मूख्य शहरहरूमा पनि पाल्पाली ढाका पसलहरू सञ्चालनमा रहेका छन् । युके एड (सीप), लुम्बिनी प्रदेश सरकार, तानसेन नगरपालिका र पाल्पाली ढाका संघको सहकार्यमा ढाकालाई ब्रान्डिङ गरेर बजारमा स्थापित गर्ने प्रयासले यसको मूल्य र प्रतिष्ठा दुवै बढाएको छ । सरकारी सेवाको क्रममा मैले धेरै बुनकर परिवारसँग भेट्ने अवसर पाएँ। उनीहरूका हातले तानमा बुनेका प्रत्येक धागामा धैर्य, लगन र आशा मिसिएको देखिन्थ्यो । एउटा कपडा तयार हुन धेरै दिनको समय लाग्ने, आँखाको सूक्ष्म मेहनत र निरन्तर अभ्यास आवश्यक पर्ने यो काम केवल व्यवसाय होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीप र संस्कृतिको निरन्तरता पनि हो। यिनै मेहनती हातका कारण पाल्पाली ढाका आज राष्ट्रिय गौरवको विषय बनेको छ । मलाई अझै सम्झना छ, पाल्पाका विभिन्न कार्यक्रममा सहभागी हुँदा धेरै स्थानीयले गर्वका साथ ढाकाको पोशाक लगाएको देख्थें। उपहारमा प्राय पाल्पाली ढाकाकै उपयोग गरिन्थ्यो। त्यो दृश्यले मलाई सधैं एउटा प्रश्न सोध्दथ्यो –हामी आफ्नै उत्पादनप्रति कति गर्व गर्छौं ?' आज विश्व बजारमा स्थानीय उत्पादनको महत्त्व बढिरहेका बेला नेपाली हस्तकलाको उत्कृष्ट उदाहरण पाल्पाली ढाका हो । यदि हामी आफैंले यसको प्रयोग र प्रवर्द्धन बढाउन सक्यौं भने यसले हजारौं परिवारको आयआर्जनसँगै नेपालको सांस्कृतिक पहिचानलाई पनि बलियो बनाउनेछ । जीवनले मलाई पाल्पासँग धेरै पटक जोड्ने अवसर दियो । विद्यार्थी जीवनको उत्साह, प्रशासनिक जिम्मेवारीको अनुभव र स्थानीय जनजीवनसँगको आत्मीय सम्बन्ध– यी सबै स्मृतिहरूमा पाल्पाली ढाका सधैं सँगै रहेको छ । अहिले पनि जब म ढाकाको टोपी वा आसकोट लगाउँछु, मलाई केवल एउटा पोशाक लगाएको अनुभूति हुँदैनह पाल्पाका गल्लीहरू, तानसेनको चहलपहल, तानमा व्यस्त बुनकरका हात, श्रीनगरको शीतल हावा र त्यहाँ बिताएका जीवनका अविस्मरणीय दिनहरू एकैसाथ सम्झनामा आइपुग्छन् । सायद यही कारण हो, मेरो लागि पाल्पा केवल एउटा जिल्ला होइन, एउटा आत्मीय अनुभूति हो । र पाल्पाली ढाका केवल कपडा होइन, मेरो जीवनका अनेकौं स्मृतिलाई जोड्ने एउटा सजीव धागो हो । त्यसैले जहाँ पुगे पनि म पाल्पाली ढाकालाई गर्वका साथ प्रयोग गर्छु, अरूलाई पनि यसको प्रयोग गर्न आग्रह गर्छु, किनकि पाल्पाली ढाकाको सम्मान गर्नु भनेको नेपाली सीप, श्रम, संस्कृति र आत्मसम्मानको उच्च सम्मान गर्नु हो ।

*समयसँगै मैले पाल्पाली ढाकालाई केवल हेर्ने वा किन्ने वस्तुका रूपमा मात्र लिइनँ, यसलाई आफ्नो दैनिक जीवनको एउटा अभिन्न अङ्ग बनाएँ र कार्यालयमा उपयुक्त हुने स्थान र अवसरमा पाल्पाली ढाकाको प्रयोगलाई उच्च प्राथमिकता दिँदै पनि आएँ । आज पनि सम्भव भएसम्म म ढाकाको टोपी, आसकोट, पर्स, टाई, रुमाल वा अन्य पोशाक प्रयोग गर्छु । उपयुक्त अवस्था र अवसरहरूमा विभिन्न महानुभावहरूले जिज्ञाशा पनि राख्नुहुन्छ, "कस्तो सुहाएको ?, कहाँको हो ?, किन यति धेरै ढाका मन पर्छ तपाइँलाई ?" "यसमा मेरो उत्तर सधैं एउटै हुने गर्दछ –यसमा नेपालीपन छ, श्रमिकको पसिना छ, पाल्पाको आत्मा छ ।" यही कारण म अन्य जिल्लामा जाँदा पनि साथीभाइ, सहकर्मी र चिनेजानेकाहरूलाई पाल्पाली ढाका प्रयोग गर्न सिफारिस, सहयोग, समन्वय र प्रेरित गरिरहन्छु । आफ्नै देशको उत्पादनलाई माया गर्नु र त्यसको प्रवर्द्धन गर्नु पनि राष्ट्रिय दायित्वको एउटा सानो रूप हो भन्ने विश्वास मेरो रहेको छ । वि.सं. २०७८ सालको चैत महिनामा पाल्पालाई औपचारिक रूपमा "ढाकाको राजधानी" घोषणा गरियो ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५


**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ ग्राहकसँग परिचय हुने समय छ। शरीरलाइ आरामलाई समय दिनुहोस्। | **तुला**: काममा कुरा स्पष्ट राखे गलत हुँदैन। व्यायामले शरीर फुर्तिलो बनाउनेछ। |
| **वृष** : बाहिरको काम सम्हाल्नुपर्ने हुन सक्छ। आवश्यक कुरा रोज्नु राम्रो हुनेछ। | **वृश्चिक** : काम मिलाउने अवसर आउन सक्छ। मनमा हलुका महसुस हुनेछ। |
| **मिथुन** : नयाँ विषय सिक्ने उत्साह बढ्नेछ। बोल्ने सीपमा ध्यान जाँदा लाभ मिल्नेछ। | **धनु** : नयाँ ठाउँमा जाने मौका छ। व्यापारसँग जोडिएको सूचना प्राप्त हुनेछ। |
| **कर्कट** : टाढाको व्यक्तिसँग सम्पर्क हुनेछ। मसलेदार खाना घटाउनु राम्रो देखिन्छ। | **मकर** : आर्थिक पुरानो योजना उपयोगी हुनेछ। समयतालिकाले अलमल कम हुनेछ। |
| **सिंह** : कामको परिणाम अरूले पनि देख्ने समय हो। पुस्तक पढ्ने रुचि जाग्न सक्छ। | **कुम्भ**: काम छिटो गर्न सकिनेछ। साथीको एउटा विचार उपयोगी बन्न सक्छ। |
| **कन्या** : अनावश्यक किनमेलबाट बच्न सकिनेछ। मोबाइलबाट केही समय टाढा बस्नुहोस्। | **मीन** : रुचिको काममा समय बिताउन पाइनेछ। समय छुट्याउँदा मन शान्त हुनेछ। |

# आज विश्व सुलेखन दिवस मनाइँदै




**पाल्पा,** साउन २७/ अक्षरलाई सुन्दर, आकर्षक र कलात्मक ढंगले प्रस्तुत गर्ने कला सुलेखन (क्यालिग्राफी) को महत्व उजागर गर्दै आज विश्व सुलेखन दिवस मनाइँदै छ । सन् २०१७ देखि विश्व सुलेखन दिवस मनाउन थालिएको हो ।

काठमाडौं लगायत विभिन्न ठाउँहरुमा क्यालीग्राफरहरुको सम्मान र अक्षर लेखन गरी मनाइँने गरिएको हो । नेपालमा धेरै क्यालीग्राफरहरु छन्, जस्तै रञ्जना या देवनागिरि लिपि या अन्य कला लिपीको किन नहोस् । ब्रस या पेनले राम्रा अक्षरहरू लेख्ने कलालाई नै क्यालीग्राफी भनिन्छ र यस्ता क्यालीग्राफीहरुको डिजिटल फन्टहरूको सिर्जनामा ठुलो योगदान रहन्छ । क्यालीग्राफीमा अक्षरहरुमात्र नभई विभिन्न चिह्नहरू पनि बनाइन्छ । ति डिजाइनहरू र अक्षरहरू हेर्नको लागि मात्र एकदम सुन्दर नभईकन तिनीहरूले हाम्रो जीवनलाई नै नयाँ अर्थ दिने गरेका छन् । इतिहासका पानाहरू उक्काएर हेर्दा राम्रा र विशेष अक्षरहरू देवताको भाषा र ऊर्जाको माध्यमका रूपमा लिने गरिएको पाइन्छ । चीन, जापान र कोरियाजस्ता देशहरूमा त आज पनि क्यालीग्राफीलाई सुप्रिम कलाको रूपमा लिइन्छ ।

सुलेखन केवल अक्षर लेख्ने सीप मात्र नभई लेखाइलाई कला, सिर्जना र अभिव्यक्तिसँग जोड्ने माध्यमका रूपमा लिइन्छ । अक्षरको आकार, रेखाको मोटाइ, शब्दबीचको दूरी, लेखाइको गति तथा कलात्मक प्रस्तुतिले सुलेखनलाई आकर्षक बनाउँछ । डिजिटल प्रविधिको तीव्र विकाससँगै मोबाइल, कम्प्युटर र कृत्रिम बौद्धिकताको प्रयोग बढिरहेका बेला हातले लेख्ने संस्कृतिको महत्व सम्झाउने अवसरका रूपमा पनि यो दिवसलाई लिइन्छ । सुन्दर हस्तलेखनले व्यक्तिको सिर्जनशीलता, धैर्य र कलात्मक क्षमतालाई अभिव्यक्त गर्ने भएकाले बालबालिका तथा युवामाझ यसको अभ्यास बढाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिँदै आएका छन् । विश्वका विभिन्न स्थानमा सुलेखनसम्बन्धी प्रदर्शनी, कार्यशाला, प्रतियोगिता तथा हस्तलेखन अभ्यासजस्ता गतिविधि आयोजना गरी दिवस मनाउने गरिन्छ । नयाँ पुस्तालाई परम्परागत लेखनकलासँग जोड्नुका साथै लोप हुँदै गएको हस्तलेखन संस्कृतिको संरक्षणमा समेत यस्ता गतिविधिले योगदान पुऱ्याउने विश्वास गरिएको छ । नेपालमा पनि नेपाली अक्षर तथा विभिन्न लिपिको सुन्दर लेखनलाई प्रवर्द्धन गर्न सुलेखनको अभ्यास हुँदै आएको छ । विशेषगरी देवनागरी अक्षरलाई कलात्मक रूपमा लेख्ने अभ्यासले नेपाली भाषा, साहित्य र संस्कृतिसँग समेत सुलेखनलाई जोडेको छ । मोबाइलको स्क्रिनमा टाइप गरिने अक्षरको बढ्दो प्रयोगबीच आफ्नै हातले अक्षर कोर्ने, शब्द सजाउने र लेखाइमा सिर्जनशीलता भर्ने अवसरका रूपमा विश्व सुलेखन दिवसले हस्तलेखनको सौन्दर्यलाई पुन: सम्झाएको छ ।

## विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छ: सावधानी अपनाऔं**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## खेलकुद समाचार

### राखेप बोर्डमा पहिलोपटक खेलाडीको वर्चश्व

**काठमाडौं,** साउन २७/राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बोर्डमा पहिलोपटक खेलाडीको वर्चश्व भएको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले पछिल्लोपटक धनीराम चौधरी र ललिता नाथलाई मनोनयन गरेपछि बोर्डमा खेलाडीको उपस्थिति बढेको हो । राष्ट्रिय खेलकुद विकास ऐनबमोजिम रिक्त सदस्य पदमा मन्त्री पोखरेलले मन्त्रीस्तरीय निर्णयबाट दुई जनालाई मनोनयन गरेको हो ।

अहिले प्रशिक्षकका रूपमा कार्यरत धनीराम पूर्वराष्ट्रिय धावक छन् । उनले ४०० र ८०० मिटरको दूरीमा कीर्तिमान कायम गरेका थिए । ललिता नाथ पूर्वराष्ट्रिय भलिबल खेलाडी छन् । उनी पछिल्लो समय कर्णाली यश्विस टोलीमा आबद्ध थिए । राखेपको उपाध्यक्षमा विशाल श्रेष्ठ छन् । उनी पूर्वफुटबल खेलाडी (गोलकिपर) छन् । बोर्ड सदस्य सिक्का सुवाल श्रेष्ठ पनि पूर्वटेबल टेनिस खेलाडी छन् । उनी विश्व महिला टेबल टेनिस वरियतामा ५१० स्थानसम्म पगेका थिए । बोर्ड सदस्यमा शक्ति गौचन छन् । गौचन पूर्वक्रिकेटर छन् । बोर्ड सदस्य मोनालिसा खम्बु पनि पूर्वखेलाडी छन् । पूर्वफुटबल खेलाडी पवन शाही पनि अहिले परिषद्को बोर्ड सदस्य छन् ।

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८३/०४/२६*

यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८३/०४/२६ गतेको निणर्य तथा रिब्दीकोट गाउँपालिका पाल्पाको मिति २०८३/०४/२६ को च.नं. १०० को अनुमति पत्र अनुसार तपसिल अनुसारका शिक्षकको अस्थायी करार नियुक्तिका लागि योग्यता पुगेका देहायका पदको लागि विज्ञापन आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं :** ०१/०८३/८४

**तह :** मा.वि., **श्रेणी :** (तृतीय)

**पद :**शिक्षक किसिम : राहत करार, **संख्या :** (१ जना)

**न्युनतम् शैक्षिक योग्यता :** वि.एड वा सो सरह

**विषय :** सामाजिक, **उमेर :** १८ वर्ष पुगी ४० बर्ष ननाघेको

**तलब स्केल :** नेपाल सरकारको नियम अनुसार, **दरखास्त दस्तुर :** रु. १५००/-

**दरखास्त दिने अन्तिम मिति :** २०८३/०५/०९

**सम्पर्क मिति :** २०८३/०५/१०

**परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि, निवेदन ।

**सम्पर्क:** ९८४२८६१२१८ (विद्यालय ), ९८५७०६०५४२ (अध्यक्ष)

*(**नोट :** लुम्बिनी प्रदेशको मा.वि. समाजिक विषयको करार सूचीमा सूचीकृतले प्रमाणसहित मिति २०८३/०५/०१ गतेसम्म दाबी निवेदन दिनुहुन जानकारी गरिन्छ । मेल मार्फत निवेदन पेस गर्नको लागि विद्यालयको इमेल prabhatsschool@gmail.com मा राष्ट्रिय बाणिज्य बैंकको विद्यालय खाता SHREE PRABHAT MADHYAMIK VIDHYALAYA Ac NO.3030100003058001 मा परीक्षा दस्तुर जम्मा गरेको भौचर वा प्रमाणसमेत आवश्यक कागजातहरु इमेल गर्नुहुन अनुरोध गरिन्छ ।)*

**श्री प्रभात माध्यमिक विद्यालय**

**रिब्दीकोट -७, मैनादी, पाल्पा**

## अर्थ/कर्पोरेट समाचार

### नेप्से बढ्यो ,कारोबार रकम भने घट्यो

**पाल्पा,** साउन २७/ सेयर कारोबार साताको तेस्रो दिन नेप्से परिसूचक बढेको छ । बुधबार नेप्से ० दशमलव ५५ अंकले बढेको हो ।

नेप्से बढेसँगै २ हजार ६ सय ४२ दशमलव ४० विन्दुमा अडिएको छ । अघिल्लो दिन मंगलबार नेप्से परिसूचक ० दशमलव ७९ अंकले वृद्धि भएको थियो । सो दिन ४ अर्ब ११ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । यसदिन ३ सय ४८ वटा स्क्रिप्सको ८७ लाख १ हजार ९४४ कित्ता सेयर ३ अर्ब ५३ करोड २१ लाख ५ हजार ५१८ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये १०२ स्टक्सको मूल्य बढ्दा १६५ वटाको घट्यो। ९ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । यसदिन माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो ।

१२ प्रतिशत आइसीएफसी फाइनान्स लिमिटेड डिवेन्चर २०८३ को सेयर १५ प्रतिशतले घट्दा अपर लोहोरे खोला हाइड्रोपावरको १४ दशमलव ९८ प्रतिशतले घट्यो।कारोबार रकमका आधारमा एनआरएन शीर्षस्थानमा रह्यो । उक्त कम्पनीले ३१ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको रुप्से गाविस-७, हाल माथागढी गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं.5345241 A का हवलदार हरि बहादुर थापा (ना.प्र.मा हरि बहादुर सारु मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शिव कुमारी र जन्म मिति सन् १९६५ सेप्टेम्वर १५ (वि.स.२०२२/०५/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा शिव कुमारी सारु, जन्म मिति वि.स. २०२२/०५/२९ (सन् १९६५ सेप्टेम्वर १४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लामडाँडा गाविस-४, हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं.5240845 का L/HAV धन सिं थापा (ना.प्र.मा धन सिं थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा जोती कुमारी र जन्म मिति सन् १९५४ जुलाई १ (वि.स.२०११/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा ज्योति सरा थापा भन्ने जोती कुमारी थापा, जन्म मिति वि.स. २००७/०७/१० (सन् १९५० अक्टुवर २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लामडाँडा गाविस-५, हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं.5343899 F का NK नेत्र बहादुर आले (ना.प्र.मा नेत्र बहादुर आले) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सावित्रा र जन्म मिति सन् १९६१ जुन २० (वि.स.२०१८/०३/०६) र नेपाली नागरिकता प्रमाणपत्रमा सावित्री आले, जन्म मिति वि.स. २०१८/१२/११ (सन् १९६२ मार्च २४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लामडाँडा गाविस-३, हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं.5343675 F का NK चक्र बहादुर थापा (ना.प्र.मा चक्र बहादुर थापा बराल) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धनी माया थापा र जन्म मिति सन् १९६४ अगष्ट १० (वि.स.२०२१/०४/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा धनी माया थापा बराल, जन्म मिति वि.स. २०२१/०३/२७ (सन् १९६४ जुलाई १०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई